# घिरिङ गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## पोखरिछाप , तनहुँ, गण्डकी प्रदेश, नेपाल

**आ.व. २०८२/०८३ को नदिजन्य सामाग्री ढुंगा, गिट्टि, वालुवा, माटो, दहत्तरबहत्तर संकलन, उत्खनन् गरी विक्री गर्ने कार्यको बोलपत्र आह्वान सम्बन्धी सूचना**

(Electronic Bid Only)

**(प्रथम पटक प्रकाशित मिति २०८२/06/२७गते )**

घिरिङ गाउँ पालिकाको आन्तरिक आय वृद्धि गर्ने उद्देश्यले "स्थानीय सरकार संचालन ऐन, २०७४" को परिच्छेद-3 को दफा ११ को उपदफा २ को खण्ड (घ) को (६) र सोही ऐनको दफा ६२ क. बमोजिम आ.व. २०८२/०८३ का लागी यस गाउँपालिका क्षेत्र भित्रका देहाय बमोजिमका स्थानहरुबाट नदी अन्य सामाग्री ढुंगा, गिटी, वालुवा, माटो, दहत्तरबहत्तर संकलन शुल्क घिरिङ गाउँ पालिकाको वातावरण तथा प्रकृतिक स्रोत संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ बमोजिम स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) मा तोकिए बमोजिमको परिमाणमा गण्डकी प्रदेश सरकारको आर्थिक ऐन, २०७९ ले तोके बमोजिमको दरबाट कायम हुन आएको न्यूनतम रकमबाट बढाबढ हुने गरि ठेक्का बन्दोबस्ती गर्न यो सूचना प्रकाशन गरिएको छ। सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र कानूनी प्रक्रिया पुरा गरेका ईच्छुक फर्म/कम्पनीहरुले बोलपत्र फारम दस्तुर जम्मा गरी देहायको मिति र समयभित्र बोलपत्र पेश गर्नुहुन सुचित गरिन्छ। अन्य थप जानकारीका लागी यस कार्यालयको सुचना पाटी तथा कार्यालयको वेभ साइट www.ghiringmun.gov.np तथा कार्यालय समयभित्र यस नगर कार्यपालिकाको कार्यालय अन्तर्गत प्राबिधिक शाखामा सम्पर्क राख्न सकिने छ ।

<u>ढुंगा, गिट्टि, वालुवा, माटो, दहत्तरबहत्तर संकलन आदि प्राकृतिक स्रोतको उपयोगमा लिईने करको ठेक्का विवरण</u>

| सि.नं. | प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन, 20८१ अनुसारको घाटको विवरण | उत्खनन हुने अधिकतम परिमाण (घन.मि ) | न्यूनतम रकम (मु.अ.कर र आय कर सहित) | बोलपत्र जमानत रकम (धरौटी रकम) | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|
| 01/IR/GRM/082-083 | तिमिल्सिना घाट घिरिङ-१ | ८४४४ | २३९४१२४ | कबोल अंक (मु.अ.क. र आयकर सहित) को 2.5% ले हुन आउने रकम | 3000 |
| 02/IR/GRM/082-083 | मालेबगर घाट घिरिङ-१ | ८६०३ | २४३९२०५ | | 3000 |
| 03/IR/GRM/082-083 | खुम्लिङ घाट घिरिङ-१ | ७९६७ | २२५८८८१ | | 3000 |
| 05/IR/GRM/082-083 | बटौली घाट घिरिङ-४ | ७१६७ | २०३२०५७ | | 3000 |
| 06/IR/GRM/082-083 | बालुवा घाट घिरिङ-४ | ११२३३ | ३१८४८८८ | | 3000 |
| | | | | | |

**घिरिङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**पोखरिछाप , तनहुँ, गण्डकी प्रदेश, नेपाल**

**बोलपत्र सम्बन्धी शर्तहरु-**

बोलपत्र फारमको लागि बोलपत्र दाखिला हुने समय भित्र बोलपत्रदाताहरुले बोलपत्र फारम दस्तुर रकम यस कार्यालयको कुमारी बैंक, मानपुर शाखामा रहेको आन्तरिक राजस्व खाता नं ०८४००३४५९८१०००१० मा जम्मा गरेको बैंक भौचरको Scanned Copy Upload गर्नुपर्नेछ साथै एक भन्दा बढी बोलपत्र पेश गर्न चाहेमा एक बोलपत्र फारमको दस्तुर रु.३०००। दरले बैंक भौचर भरी दाखिला गर्नु पर्नेछ। E-bidding को लागि PPMO को website http://www.bolpatra.gov.np/egp मा सबै कागजातहरु Scan गरि PDF format मा बोलपत्र पेश गर्नुपर्नेछ।

बोलपत्र फारमहरु नियमानुसार यस गाउँपलिकाको बोलपत्र फारम भरी बोलपत्रदाताले नेपाली नागरिकताको प्रमाण पत्रको अतिरिक्त व्यक्ति, संस्था फर्म वा कम्पनीले व्यवसाय दर्ता प्रमाण-पत्र र स्थायी लेखा नम्बर (मु.अ.कर सहितको) प्रमाण-पत्र तथा आर्थिक वर्ष ०८१/०८२ को कर चुक्ता प्रमाण पत्र वा म्याद थपको पत्र बोलपत्रको लागि योग्य रहेको र बोलपत्रदाताको लेटर हेडमा कुनै कार्यमा कसुर नभएको र सजाए नपाएको भनि स्वघोषणा पत्र, सम्बन्धित कार्यको लागि अख्तियारी पत्रको Scan गरी PDF format मा Upload गरि सुचना प्रकाशित भएको मितिले ३१ औं दिन अर्थात मिति २०८२/०७/२६ दिनको १२:०० बजे भित्र e-submission गर्नुपर्नेछ र e-submitted बोलपत्रहरु सोही दिनको २:०० बजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिनेछ। बोलपत्रदाता वा प्रतिनिधीको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

- बोलपत्रदाताले E-biddig मार्फत पेश गरेको बोलपत्र खोल्ने समयमा निजको E-bid दर्ता भएको नदेखिएमा वा Upload गरिएका फाइल Unreadable Format वा Corrupted भएमा मुल्याङ्कनमा समावेश गरीने छैन साथै बोलपत्र खोलेको सातौ दिन भित्र बोलपत्रदाताले बोलपत्र पेश गर्दा समावेश भएको कागजातहरु प्रमाणित प्रतिलिपी र अन्य आवश्यक सम्पुर्ण कागजात सक्कलै यस कार्यालयमा पेश गर्नु पर्नेछ।
- बोलपत्र फाराम भरी पेश गर्दा आफुले कबोल गरेको रकम अङ्क र अक्षरमा प्रष्टसंग लेखि तोकिएको धरौटी रकम यस कार्यालयको कुमारी बैंक मानपुर शाखामा रहेको धरौटि खाता नं ०८४००३४५९८१०००१० मा जम्मा गरेको सक्कलै बैंक भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन सम्म म्याद भएको रितपूर्वकको बैंक जमानत पत्र (बिडबण्ड) पेश गर्नुपर्नेछ। कबोल गरेको रकमको अङ्क र अक्षरमा लेखिएको व्यहोरा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ।
- ठेक्का सम्झौता गर्दा कबोल अङ्कको अग्रिम आयकर बापतको १.५% र मु.अ.कर बापतको १३% रकम बोलपत्रदाताले व्यहोर्ने गरी कुल जम्मा रकमलाई सम्झौता रकम कायम गरिनेछ।
- स्वीकृत ठेक्का अङ्कको पुरै रकम सम्झौताका बखत एकमुष्ट बुझाउन **पर्नेछ** कबोल अंकको मुल्य अभिवृद्धि कर र अग्रिम आय कर बाहेकको रकममा १० % छुट दिई सम्झौता गर्न सकिनेछ।
- कुनैपनि शर्त राखी पेश गरेको र रित नपुगेको बोलपत्र माथी कुनै कारबाही गरिने छैन।
- बोलपत्र पेश गर्दा राखेको कबोल अंकको ५% धरौटी रकम ठेक्का सम्झौता भएपछि मात्र फिर्ता दिईने छ।
- बोलपत्रदाताले सम्झौता पत्रमा पट्टापुर्जीमा तोकिएको वस्तुहरुमा मात्र तोकिए बमोजिमको दरमा शुल्क संकलन गर्नुपर्नेछ। रोयल्टी दर गण्डकी प्रदेश सरकारबाट स्वीकृत भए बमोजिम हुनेछ। सो भन्दा फरक हुने गरी कर संकलन गरेमा ठेक्का सम्झौता तोडी नियमानुसार कारबाही हुनेछ।
- पेश भएका वोलपत्र स्वीकृत गर्ने वा अस्विकृत गर्ने, सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
- यस सूचना र बोलपत्र फारममा उल्लेख भए बाहेक अन्य कुराहरु प्रचलित ऐन, नियम तथा नियमनकारी निकायहरुबाट प्राप्त निर्देशन परिपत्र र सुझाव अनुसार हुनेछ।
- विस्तृत जानकारीका लागी यस कार्यालयको सुचना पाटिमा हेर्नहुन वा कार्यालय समय भित्र यस कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न हुन सम्बन्धित सबैलाई जानकारी गराइन्छ।